# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, फागुन १७ गते २०३३ साल [ संख्या ४५


श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

शाही नेपाली सेना (निवृत्तभरण, उपदान र अन्य सुविधा) नियमाबली, २०३३

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "शाही नेपाली सेना (निबृत्तभरण, उपदान र अन्य सुविधा) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा–

(क) "सैनिक जवान" भन्नाले शाही नेपाली सेनाका अधिकृत, नन्कमिसण्ड अधिकृत, पदिक वर्ग, बिल्लादार तथा अन्य दर्जाका सैनिक जवान र नन्-कमाण्डेण्ट (एण्रोल्ड) लाई समेत सम्झनुपर्छ ।

(ख) "हकवाला" भन्नाले सैनिक जवानको सगोलको तथा आश्रित पति पत्नी, छोरा, अविवाहिता छोरी वा आश्रित बाबु आमा मध्ये निजले इच्छाएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्ति सम्झनुपर्छ । कोही इच्छाएको नभए वा इच्छाएको व्यक्तिको पनि मृत्यु भए पति वा पत्नी भएसम्म पति वा पत्नी सो नभए छोरा, सो पनि नभए अविवाहिता छोरी र सो पनि नभए बाबु आमा सम्झनुपर्छ ।

३. सैनिक जवानको निवृत्तभरण : (१) रथीवृन्द र सोदेखि मुनि सहायक सेनानीसम्मको सैनिक जवानलाई बीस वर्ष सेवा अवधि पूरा भएपछि र प्रमुख सुबेदार र सोदेखि मुनिका अरू सैनिक जवानलाई सत्र वर्ष सेवा अवधि पूरा भएपछि देहायका हिसाबले मासिक निवृत्तभरण दिइनेछः–

(क) रथीवृन्द र महासेनानीका हकमा–

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{६०}$$

(ख) प्रमुख सेनानी र सोदेखि मुनि सहायक सेनानीसम्मको हकमा–

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{५५}$$

(ग) प्रमुख सुबेदार र सुबेदारको हकमा–

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{५०}$$

(घ) जमदार र सोदेखि मुनिका सैनिक जवानको हकमा–

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलबको रकम}}{४०}$$

(२) निवृत्तभरण पाइरहेको सिपाही वा सोभन्दा मुनिका सैनिक जवानको उमेर साठी वर्ष पूरा भएपछि निजले पाइरहेको निवृत्तभरणको अङ्कमा दश प्रतिशत थपी निवृत्तभरण पाउनेछ ।

(३) शाही नेपाली सेनाको विभिन्न पदमा जम्मा पन्ध्र वर्ष र उपरथी वा सोदेखि माथिका पदमा पाँच वर्ष सेवा गरी अवकाश पाउने सैनिक जवानले मासिक छ सय रूपैयाँ निवृत्तभरण पाउनेछ ।

तर उप-नियम (१) बमोजिम जम्मा नोकरी अवधिबाट छ सय रूपैयाँ भन्दा बढी मासिक निवृत्तभरण पाउने रहेछ भने यो उप-नियम लागू हुने छैन ।

(४) उप-नियम (३) बमोजिम उपरथी वा सोदेखि माथिका पदमा गरी पाँच वर्ष भन्दा बढी अवधि काम गरी अवकाश पाउने सैनिक जवानले सोही उप-नियममा उल्लेखित मासिक निवृत्तभरणमा त्यसरी पाँच वर्ष भन्दा बढी अवधि काम गरेको प्रत्येक वर्षको निमित्त पचास रूपैयाँका दरले थपी मासिक निवृत्तभरण पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) यस नियम बमोजिम निवृत्तभरण दिंदा कुल निवृत्तभरणको अङ्क मासिक सात सय पचास रूपैयाँ भन्दा बढी हुने छैन ।

४. पाइनियर गणका सैनिक जवानको निवृत्तभरण : बीस वर्ष सेवा अवधि पूरा गरिसकेका पाइनियर गणका सैनिक जवानले आ-आपनो दर्जा अनुसार नियम ३ को उप-नियम (१) बमोजिम मासिक निवृत्तभरण र सोही नियमको उप-नियम (२) बमोजिम थप निवृत्तभरण समेत पाउनेछ ।

५. मिलिसियाका सैनिक जवानको निवृत्तभरण : मिलिसियाका अधिकृत दर्जाका सैनिक जवानले बीस वर्ष सेवा अवधि पूरा गरेपछि र सो देखि मुनिका अरू सैनिक जवानले सत्र वर्ष सेवा अवधि पूरा गरेपछि आ-आपनो दर्जा अनुसार नियम ३ को उप-नियम (१) बमोजिम मासिक निवृत्तभरण र सोही नियमको उप-नियम (२) बमोजिम थप निवृत्तभरण समेत पाउनेछ ।

६. उपदान : सात वर्ष वा सो भन्दा बढी अवधिसम्म सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगी सेवाबाट अलग भएमा सैनिक जवानले देहायको दरले उपदान पाउनेछः–

(क) सात वर्ष देखि नौ वर्ष सम्म सेवा गरेमा सेवा गरेका प्रत्येक वर्षको निमित्त आखिरी आधा महीनाको तलव,

(ख) दश वर्ष देखि चौध वर्ष सम्म सेवा गरेमा सेवा गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महीनाको तलव,

(ग) पन्ध्र वर्ष वा सो भन्दा बढी अवधिसम्म सेवा गरेमा सेवा गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महीनाको तलव ।

तर–(१) उपदानको हिसाब गर्दा सेवाबाट अलग हुँदा खाइपाई आएको मासिक तलवको आधारमा गरिनेछ ।

(२) खण्ड (क), (ख) र (ग) बमोजिम पाउने उपदान क्रमशः सातहजार पाँच सय रूपैयाँ, पन्ध्रहजार रूपैयाँ, र बाइसहजार पाँचसय रूपैयाँ भन्दा बढी हुनेछैन ।

७. पारिवारिक उपदान र निवृत्तभरण : (१) निवृत्तभरण पाउने अवधि नपुगेको तर उपदान पाउने अवधि पुगेको कुनै सैनिक जवानको सेवामा बहाल छँदै मृत्यू भएमा निजले पाउने उपदान निजको हकवालाले पाउनेछ ।

(२) निवृत्तभरण लिन थालेको नौ वर्ष नपुग्दै कुनै सैनिक जवानको मृत्यू भएमा नौ वर्षको अवधि पूरा नभए सम्मको बाँकी अवधि निवृत्तभरण निजको हकवालाले पाउनेछ ।

(३) निवृत्तभरण पाउने अवधि पुगिसकेको सैनिक जवान सेवामा बहाल छँदै मृत्यू भएमा निजले पाउने निवृत्तभरण निजको हकवालाले पाउनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर यस्तो निवृत्तभरण नौ वर्ष भन्दा बढी अवधिसम्म पाउने छैन ।

(४) आफ्नो कर्तव्य पालन गर्दा कुनै सैनिक जवानको मृत्यू भएमा सेवाको जुनसुकै वर्ष भए तापनि मृत सैनिक जवानको हकवालाले त्यस्तो सैनिक जवानले खाइपाई आएको तलबको आधा पारिवारिक निवृत्तभरण पाउनेछ र त्यस्तो हकवालालाई देहाय बमोजिम पारिवारिक उपदान समेत दिइनेछः–

(क) दश वर्ष सम्मको सेवा अवधि नपुग्दै मृत्यू भएमा निजले खाइपाई आएको ६ महीनाको तलव,

(ख) दश वर्ष देखि बीस वर्ष सम्मको सेवा अवधि पूरा गरी मृत्यू भएमा निजले खाइपाई आएको नौ महीनाको तलव,

(ग) बीस वर्ष भन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यू भएमा निजले खाइपाई आएको एक वर्षको तलव ।

(५) जङ्गी कारवाही भएको बखतमा कुनै सैनिक जवानको मृत्यू भएमा सेवाको जुनसुकै बर्ष भए तापनि मृत सैनिक जवानको हकवालाले त्यस्तो सैनिक जवानले खाइपाई आएको तलबको आधा पारिवारिक निवृत्तभरण पाउनेछ र त्यस्तो हकवालालाई देहाय बमोजिम पारिवारिक उपदान समेत दिइनेछः–

(क) दश वर्ष सम्मको सेवा अवधि नपुग्दै मृत्यू भएमा निजले खाइपाई आएको एक वर्षको तलव,

(ख) दश वर्ष देखि बीस वर्ष सम्मको सेवा अवधि पूरा गरी मृत्यू भएमा निजले खाइपाई आएको अठार्‍ह महीनाको तलव,

(ग) बीस वर्ष भन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यू भएमा निजले खाइपाई आएको दुई वर्षको तलव ।

(६) यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उप-नियम (४) र (५) बमोजिम पाउने पारिवारिक निवृत्तभरणको प्रयोजनको निमित्त "हकवाला" भन्नाले मृत सैनिक जवानको पत्नी, नाबालक छोरा, अविवाहिता छोरी र आश्रित बाबु आमा बाहेक अरू कसैलाई जनाउने छैन ।

(७) उप-नियम (४) वा (५) बमोजिमको पारिवारिक निवृत्तभरण मृत सैनिक जवानको पत्नी वा बाबु आमाले भए आजीवन र छोरा वा छोरीले भए एक्काईस वर्षको उमेर पूरा गरेको वा विवाह गरेको वा सरकारी सेवामा प्रवेश गरेकोमा जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

८. सन्ततिवृत्तिः जङ्गी कारवाई भएको बखतमा वा अन्य बखतमा आफ्नो कर्तव्य पालन गर्दा गर्दै कुनै सैनिक जवानको मृत्यू भएमा त्यस्तो मृत व्यक्तिको प्रत्येक सन्ततिलाई निजको उमेर एक्काईस वर्ष नपुगेसम्म देहाय बमोजिम मासिक सन्ततिवृत्ति दिइनेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| सैनिक जवान | | आमा बाबु दुबै जीवित नहुने सन्ततिलाई | | आमा बाबु मध्ये कुनै एक जीवित हुने सन्ततिलाई |
|---|---|---|---|---|
| (क) रथीवृन्ददेखि सहायक सेनानीसम्म | – | पचहत्तर रूपैयाँ | – | पैंसट्ठी रूपैयाँ |
| (ख) प्रमुख सुवेदार, सुवेदार र जमदार | – | पैंतीस रूपैयाँ | – | एकतीस रूपैयाँ |
| (ग) हुद्दादेखि सिपाहीसम्म | – | बत्तीस रूपैयाँ | – | उनन्तीस रूपैयाँ |
| (घ) फलीवर्स | – | तीस रूपैयाँ | – | अठाईस रूपैयाँ |

९. शैक्षिक भत्ता : जङ्गी कारवाई भएको बखतमा वा अन्य बखतमा आफ्नो कर्तव्य पालन गर्दा गर्दै कुनै सैनिक जवानको मृत्यू भएमा वा सोही कारणले आजीवन काम गर्न नसक्ने अवस्था भएमा त्यस्तो मृत वा अशक्त सैनिक जवानको प्रत्येक सन्ततिलाई अठाह्र वर्षको उमेर नपुगेसम्म देहाय बमोजिम शैक्षिक भत्ता दिइनेछः–

(क) रथीवृन्द र सो देखि मुनि सहायक सेनानी सम्मको सैनिक जवानको प्रत्येक सन्ततिलाई वार्षिक छ सय रूपैयाँ,

(ख) सहायक सेनानी भन्दा मुनि दर्जाका सैनिक जवानको प्रत्येक सन्ततिलाई वार्षिक चार सय रूपैयाँ ।

१०. सन्ततिवृत्ति र शैक्षिक भत्ता पाउने अवधि : नियम ८ वा ९ मा जुनसुकै कुरा लेखिएको भए तापनि सोही नियमहरू बमोजिमको सन्ततिवृत्ति वा शैक्षिक भत्ता सम्बन्धित सन्ततिले सोही नियमहरूमा उल्लेख भएको उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेकोमा जुन अगाडि हुन्छ सो मितितक पाउनेछ ।

तर त्यस्तो उमेर पूरा नहुँदै विवाह गर्ने छोरीको हकमा विवाह भएको मिति उप्रान्त निजले त्यस्तो वृत्ति वा भत्ता पाउने छैन ।

स्पष्टिकरण : नियम ८ र ९ को प्रयोजनको लागि "सन्तति" भन्नाले मृत वा अशक्त सैनिक जवानको छोरा तथा छोरी सम्झनुपर्छ ।

११. अशक्त वृत्ति र सेवा निवृत्तभरण : (१) कुनै सैनिक जवानले आफ्नो कर्तव्य पालन गर्दा निज उपर हतियार प्रयोग भई वा अन्य कुनै दुर्घटनामा परी दुबै हात वा दुबै गोडा काटिई वा चलाउन नसक्ने भई लुलो भएमा वा दुबै आँखा नदेखिने गरी अन्धो भई निज सेवाको निमित्त अयोग्य भएमा निजलाई सेवा निवृत्तभरण र अशक्त वृत्ति दुबै बापत निजले खाइपाई आएको तलब आजीवन दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै सैनिक जवानले आफ्नो कर्तव्य पालन गर्दा निज उपर हतियार प्रयोग भई वा अन्य कुनै दुर्घटनामा परी उप-नियम (१) मा उल्लेख भएको बाहेक अन्य चोट पटक लागी कुनै सैनिक जवान सेवाको निमित्त अयोग्य भएमा निजले खाइपाई आएको तलबको आधा सेवा निवृत्तभरणको रूपमा निजले पाउनेछ र निजलाई देहाय बमोजिमको अशक्तवृत्ति समेत दिइनेछः–

| अशक्तताको प्रतिशत | | अशक्त वृत्ति |
|---|---|---|
| नब्बे प्रतिशतदेखि असी प्रतिशतसम्मको लागि निजले खाइपाई आएको तलबको | – | आधा |
| सत्तरी प्रतिशतदेखि साठी प्रतिशतसम्मको लागि निजले खाइपाई आएको तलबको | – | एक तिहाई |
| पचास प्रतिशत देखि चालीस प्रतिशतसम्मको लागि निजले खाइपाई आएको तलबको | – | एक चौथाई |

तर यस उप-नियम बमोजिम दिइने अशक्तवृत्ति मासिक सात सय पचास रूपैयाँ-भन्दा बढी हुनेछैन ।

(३) कुनै सैनिक जवान अशक्त भई सेवा निवृत्तभरण र अशक्तवृत्ति पाउन थालेको नौ वर्ष नपुग्दै मृत्यू भएमा नौ वर्ष नपुगेसम्मको अवधिको लागि सो मृत सैनिक जवानको हकवालालाई उप-नियम (२) बमोजिमको सेवा निवृत्तभरण मात्र दिइनेछ ।

(४) उप-नियम (२) को प्रयोजनको लागि सैनिक जवानको अशक्तताको प्रतिशत कार्य रथीबाट नियुक्त मेडिकल बोर्डले ठहराएबमोजिम हुनेछ ।

१२. उपचार खर्च : (१) कुनै सैनिक जवानको औषधोपचार नेपाल अधिराज्यभित्र हुन नसक्ने भै विदेशस्थित कुनै अस्पतालमा गै औषधोपचार गराउनु पर्ने भनी श्री कार्यरथीबाट गठन गरिने सैनिक मेडिकल बोर्डले सिफारिश गरेमा त्यसरी विदेशमा गै उपचार गराउन चाहने सैनिक जवानले विदेशस्थित अस्पतालमा भर्ना हुँदा तथा उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शन बमोजिम खरीद गरेको बिल बमोजिमको औषधी खर्च तथा उपचार गर्न विदेशमा जान र उपचार गरी विदेशबाट फर्कन लाग्ने भ्रमण खर्च समेत दिइनेछ ।

(२) उप-नियम (१) बमोजिम पाउने उपचार खर्च कुनै सैनिक जवानले पेश्कीको रूपमा लिन चाहेमा पछि हिसाब बुझाउने गरी पेश्की दिन सकिनेछ र त्यसरी पेश्की लिएको रकम पछि हिसाब गर्दा उपचार बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम सम्बन्धित सैनिक जवानको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ । तर त्यसरी कट्टी गर्नुपर्ने रकम भुक्तानी नहुँदै सम्बन्धित सैनिक जवानको मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस नियम बमोजिम औषधी उपचार गराए बापत पाउने उपचार खर्च लिन नपाउँदै कुनै सैनिक जवानको मृत्यू भएमा निजले पाउने उपचार खर्च निजको हकवालाले पाउनेछ ।

(४) विदेशमा यस प्रकार उपचार गराउन जाने सैनिक जवानले विदेशस्थित अस्पतालमा रही उपचार गराउने अवधिभरलाई खान बस्न तथा औषधी उपचारको खर्च आफूले व्यहोर्न नपरेको अवस्थामा यस्ता काम बाहेक अन्य परिआएको खर्चको निमित्त दैनिक भत्तास्वरूप पाउने दैनिक भत्ताको $\frac{1}{4}$ दिइनेछ। कदाचित यस प्रकार विदेशमा उपचार गराउन जाँदा चिकित्सकको राय अनुसार अस्पतालमा भर्ना नभै बाहिरै बसी उपचार गराउने अवस्था पर्न आएमा खान बस्न तथा औषधी खर्च गर्न समेत आफैले व्यहोर्न परेको खण्डमा नियमानुसार पाउनु पर्ने दैनिक भत्ता पनि दिइनेछ ।

१३. निवृत्तभरण वा उपदान नपाउने अवस्था : देहायको अवस्थामा यो नियमावली बमोजिमको निवृत्तभरण, उपदान वा अन्य सुविधा पाउने छैन:–

(१) सैनिक जवानका हकमा बहाल छँदा:–

(क) सैनिक ऐन, २०१६ अन्तर्गत सैनिक अदालतबाट ज्यान सजाय, जन्म कैद, अंश सर्वस्व, १४ वर्ष सम्म कैदको सजाय पाएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खासी भएमा, वा

(ख) राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत सजाय पाएमा, वा

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा, वा

(घ) पञ्चायत व्यवस्था विरूद्ध काम गरेमा, वा

(ङ) राजनीतिमा लागेमा वा दलगत राजनीतिमा लागेका व्यक्ति वा संस्थासंग सम्पर्क राखेमा, वा

(च) कुनै कारणबाट भविष्यमा सरकारी सेवाको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी सेवाबाट अलग गरिएमा ।

(२) निवृत्तभरण पाउने सैनिक जवान वा हकवालाको हकमा–

(क) खण्ड (१) को उप-खण्ड (ख), (ग) र (घ) को अवस्थामा, वा

(ख) दलगत राजनीतिमा लागेमा वा दलगत राजनीतिमा लागेका व्यक्ति वा संस्थासंग सम्पर्क राखेमा, वा

(ग) कुनै सरकारी सेवाबाट निवृत्तभरण वा उपदान नपाउने गरी हटाइएको भएमा ।

१४. निवृत्तभरण सम्बन्धी कार्यविधि : (१) उमेरको कारणबाट अनिवार्य अवकाश पाउने सैनिक जवानले अवकाश पाउने मितिभन्दा तीन महीना अगावै र निवृत्तभरण पाउने अवधि पुगिसकेपछि राजिनामा स्वीकृत गराई वा अरू कुनै कारणले सेवाबाट अलग हुने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सैनिक जवानले सेवाबाट अलग भएपछि अनुसूची बमोजिमको निवृत्तभरणको अधिकार-पत्र फाराम तीन प्रति भरी आफ्नो सम्बन्धित सैनिक अड्डा वा पल्टनमा दाखिल गर्नु पर्नेछ।

(२) कर्तव्यपालन गर्दा गर्दै मृत्यू हुने सैनिक जवानको हकवालाले वा निवृत्तभरण पाउने अवधि पुगी सकी सेवामा बहाल छँदै मृत्यू हुने सैनिक जवानको हकवालाले अनुसूची बमोजिमको निवृत्तभरणको अधिकारपत्र फाराम तीन प्रति भरी मृत सैनिक जवान बहाल भएको सम्बन्धित सैनिक अड्डा वा पल्टनमा दाखिल गर्नु पर्नेछ।

(३) उप-नियम (१) र (२) बमोजिम प्राप्त हुन आएको फारामहरू सम्बन्धित सैनिक अड्डा वा पल्टनले आवश्यक कारवाईको लागि कमाण्डरी किताबखाना जङ्गी फाँटमा पठाउनु पर्नेछ।

(४) उप-नियम (३) बमोजिम प्राप्त हुन आएको फारामहरू कमाण्डरी किताबखाना जङ्गी फाँटले आवश्यक जाँचबुझ गरी कार्य रथी विभागमा र कार्यरथी विभागले पनि आवश्यक जाँचबुझ गरी श्री ५ को सरकार, रक्षा मन्त्रालयमा पठाउनु पर्नेछ। रक्षा मन्त्रालयले पनि आवश्यक जाँचबुझ गरी ती फारामहरू कार्य रथी विभाग मार्फत कमाण्डरी किताबखाना जङ्गी फाँटमा फिर्ता पठाउनेछ।

(५) उप-नियम (४) बमोजिम फिर्ता आएपछि कमाण्डरी किताबखाना जङ्गी फाँटले एक प्रति फाराम आफ्नो कार्यालयमा राखी बाँकी दुई प्रति फारामहरुमध्ये एक प्रति पास बूकको रूपमा र एक प्रति फारामकै रूपमा सम्बन्धित सैनिक जवान वा हकवालाको पायक पर्ने माल कार्यालय (कोष तथा तहसील कार्यालय) वा कण्ट्रोलर कार्यालयमा पठाई सम्बन्धित सैनिक जवान वा मृत सैनिक जवानको हकवालालाई पनि सोही माल कार्यालय (कोष तथा तहसील कार्यालय) वा कण्ट्रोलर कार्यालयमा गई निवृत्तभरणको अधिकारपत्र बुझ्न र निवृत्तभरण लिन सूचना दिनु पर्नेछ।

(६) उप-नियम (५) बमोजिम निवृत्तभरणको अधिकारपत्रको फारामहरू प्राप्त हुन आएपछि सम्बन्धित माल कार्यालय (कोष तथा तहसील कार्यालय) वा कण्ट्रोलर कार्यालयले एकप्रति फाराम आफू कहाँ राखी पास बूकको रूपको अर्को प्रति फाराम सम्बन्धित सैनिक जवान वा मृत सैनिक जवानको हकवालालाई दिनु पर्नेछ।

१५. खारेजी : शाही सेना (पेन्शन, उपदान) सम्बन्धी नियमहरू, २०२२ खारेज गरिएको छ।

१३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची
(नियम १४ संग सम्बन्धित)

सिलसिलेवार नम्बर

**निवृत्तभरणको अधिकारपत्र**

फोटो

निवृत्तभरण पाउनेकोः–

(१) पल्टन ... ...
(२) व्यक्तिगत नम्बर ... ...
(३) दर्जा ... ...
(४) नाम ... ...
(५) थर ... ...
(६) वतन ... ...
(७) बाबुको नाम ... ...
(८) बाजेको नाम ... ...
(९) उमेर ... ...
(१०) नोकरी वर्ष ... ...
(११) सिटरोलमा लेखेको चिह्न ... ...
(१२) अवकाश । मृत्यू मिति ... ...
(१३) शेषपछिको इच्छापत्रवाला ... ...
(१४) निवृत्तभरण लिने अड्डाको नाम ... ...
(१५) निवृत्तभरण लिने पटक ... ...
(१६) निवृत्तभरण पाउने अवधि ... ...
(१७) निवृत्तभरणको किसिमः–

(क) निवृत्तभरण

निवृत्तभरणको अङ्क ... ...

(ख) अशक्तवृत्ति

(अ) अशक्तताको प्रतिशत ... ...
(आ) अशक्तवृत्तिको अङ्क ... ...

(ग) पारिवारिक निवृत्तभरण

(अ) पाउनेहरूको पर्ने नाता, नाम, थर, वतन र हुलिया ... ...
(आ) निवृत्तभरणको अङ्क ... ...

१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१८) पाएको मान पदवी, अलङ्कार, पदक र मिति ... ...

(१९) एकमुष्ट अङ्क ... ...

(२०) मासिक अङ्क ... ...

(२१) मेरो सामुन्नेमा फोटो टाँसी वा नटाँसी सहिछाप गरेको हो भनी सनाखत गरी सहिछाप गर्ने अधिकृत . . . . . दर्जा . . . . नाम, थर . . . .

(२२) तयार गरी बाँड्ने कमाण्डरी किताबखाना जङ्गी फाँट:–

(क) हाकिम ... ...

(ख) तहरीर ... ...

(ग) फाँटवाला ... ...

(२३) निवृत्तभरण पाउने व्यक्तिको औंठाको सहिछाप:–

दायाँ ... ... बायाँ ... ...

(आफूले भर्नु नपर्ने ठाउँमा गुणन ( × ) को चिह्न दिने)

आज्ञाले–

फणीन्द्रराज ह्माल

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।